# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७७ आषाढ मसान्तसम्मको प्रगति बिबरण सम्बन्धमा प्राधिकरणबाट जारी

## प्रेश बिज्ञप्ति

दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा (४) बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन सोहि दफाको उपदफा (५) तथा (६) बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणबाट कार्य गर्ने सिलसिलामा ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण सम्बन्धमा सञ्चालित बिभिन्न परियोजनाहरु कार्य अघि बढाइएकोमा उक्त परियोजनाहरुको सम्बन्धमा **बि. सं. २०७७ साल आषाढ मसान्तसम्ममा** भएका प्रगति सम्बन्धी संक्षिप्त बिबरण देहाय बमोजिम रहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रेसित गरिएको छ।

## १. भौतिक प्रगति:

### १.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजना:

यस प्राधिकरणबाट ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित देशभरीका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मध्ये ११ वटा प्याकेजहरु मार्फत ४१ जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा १००% तथा २ वटा प्याकेजहरु मार्फत ९ जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा ५०% कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ। ४ वटा प्याकेजहरु मार्फत २० जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायकहरु छनौट भई निर्माण कार्य भईरहेको छ। २०७७ साल असार महिनामा चितवन, नवलपुर, नवलपरासी, रुपन्देही र कपिलवस्तु गरी ५ जिल्लाहरुमा तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक श्री सुबिसु केबलनेट प्रा. लि. संग सम्झौता भइ कार्य अघि बढेको छ। साथै एउटा प्याकेजको ४ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक छनौट हुने क्रममा रहेको अबस्था छ। सम्पन्न भएका परियोजनाहरु अन्तर्गत सञ्चालित इन्टर्नेट सेवाको प्राधिकरणबाट तोकिए बमोजिम गुणस्तरको मापदण्ड अनुसार रहे/नरहेको सम्बन्धमा बिबरण लिने कार्य तथा सेवा प्रदायकको Network Operation Centre (NOC) बाट समेत समय समयमा परीक्षण तथा अनुगमन भइरहेको छ।

उपरोक्त ब्रोडव्याण्ड परियोजनाहरुको हालसम्मको संक्षिप्त भौतिक प्रगति बिबरण देहाय बमोजिम रहेको:

| | स्थानिय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कुल |
|---|---|---|---|---|---|
| सबै १८ प्याकेज गरी कुल अनुमानित संख्या | ७०१ | ५,९५२ | ५,५९७ | ४,३५१ | १६,६०१ |
| सम्झौता भएका १७ प्याकेजका साईट संख्या | ६६४ | ५,६३५ | ५,२६३ | ४,०८० | १५,६४२ |
| इन्टरनेट जडान सम्पन्न भएको | ४४७ | ३,७३८ | ३,०४८ | २,६०० | ९,८३३ |
| जडान गर्न बाँकि संख्या | २१७ | १८९७ | २२१५ | १४८० | ५८०९ |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत | ६३.७७ | ६२.८ | ५४.४६ | ५९.७६ | ५९.२३ |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत(सम्झौता भएका प्याकेजको आधारमा मात्र) | ६७.३२ | ६६.३४ | ५७.९१ | ६३.७३ | ६२.८६ |

## १.२ मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः

यस प्राधिकरणबाट ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरु मार्फत अगाडी बढाइएको।

१. **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी निजबाट कार्य शुरु भएको छ। हालसम्म २७३ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २५ वटा DWDM System हरुको जडान गर्ने तथा १७ वटा Core Router Equipment हरु जडान गर्ने कार्य सम्पन्न भएको छ। साथै जडान भएका DWDM System हरुको Commissioning तथा Service migration को लागि तयारी भइरहेको छ।

२. **प्याकेज २ (गण्डकी प्रदेश र प्रदेश नं. ५):** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको। उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको।

३. **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको तर बिश्वभर फैलिएको कोभिड-१९ महामारीका कारणबाट सृजित बिषम् परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढ्न नसकेको अवस्था छ।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण देहाय बमोजिम रहेकोः

| बिबरण | प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश) | प्याकेज २ (गण्डकी प्रदेश प्रदेश नं. ५) | प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश) |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | २७३ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | १३.१० | X | X |

| | | | |
|---|---|---|---|
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरण: | | | |
| १. DWDM System | २६ | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरण: | | | |
| १. DWDM System | २५ | X | X |
| ३. Core Router Equipment | १७ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरण: | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरण: | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* SLO बाट Detail Implementation Plan भए पश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको ।



नेपाल दूरसंचार प्राधिकरण

## २. बित्तीय प्रगति:

ब्रोडव्याण्ड तथा सूचना महामार्ग परियोजनाहरुको संक्षिप्त बित्तीय प्रगति बिबरण यस प्रकार रहेको :

| | |
|---|---|
| सम्झौता भएका परियोजनाहरुको जम्मा सम्झौता रकम | |
| • ब्रोडब्याण्ड परियोजना जम्मा सम्झौता रकम | रु. ५,२६,९७,७०,२०१/३९ |
| • सूचना महामार्ग परियोजना जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००/०० |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरुलाई गरिएको भुक्तानी | रु. २,३८,६४,८०,४८९/२० |
| ब्रोडब्याण्ड परियोजनाको असार महिनासम्मको बित्तीय प्रगति प्रतिशत | ४५.२९ |
| सूचना महामार्ग परियोजना परियोजनाको असार महिनासम्मको बित्तीय प्रगति | प्याकेज १ र २ को लागि Advanced Payment मात्र भुक्तानी गरिएको। |

## ३. अन्य कार्य/ बिबरण:

निर्माणाधिन परियोजना तथा सम्पन्न भएका परियोजनाहरुको लागि पूर्वाधार निर्माण, सेवा बिस्तार तथा मर्मत सम्भार कार्यका लागि Covid-19 को महामारीले हुनसक्ने संक्रमणलाई ध्यानमा राखी उच्च सतर्कता अपनाई जनशक्ति परिचालन गर्न संघीय संसद, प्रतिनिधि सभा, बिकास तथा प्रबिधि समितिको निर्देशन बमोजिम ब्यबस्था मिलाईएको छ। साथै सेवा प्रदायकहरुलाई जनशक्ति परिचालन, उपकरण ढुवानी तथा मर्मत सम्भार कार्यका लागि आबश्यकताको आधारमा सवारी पास उपलब्ध गराईएको छ।

विश्वभर फैलिएको Covid-19 को महामारीको कारण कतिपय सामुदायिक बिद्यालयहरु क्वारेन्टिन तथा उपचारको लागि प्रयोग भईरहेको तथा स्थानीय निकायहरु र सामुदायिक स्वास्थ्य संस्थाहरुलाई सूचना आदान प्रदान गर्न ईन्टरनेट सेवा अत्यावश्यक भएकोले ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजना अन्तर्गतका स्थानीय निकाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडव्याण्ड सेवा सुचारु गर्न सम्बन्धित सबै सेवा प्रदायकहरुलाई निर्देशन दिईएको छ । साथै ब्रोडब्याण्ड ईन्टरनेट जडान भईसकेका निकाय/ संस्थाहरुमा सेवा सञ्चालन नभएको भए यस प्राधिकरणमा जानकारी गराउन सम्बन्धित सबैलाई प्राधिकरणबाट सूचना प्रकाशन गरी अनुरोध गरिएको छ।

..............................

मिन प्रसाद अर्याल

प्रवक्ता

नेपाल दूरसञ्चार प्राधिकरण

२०७७/४/१४